# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति

# २०७४

*(फ्रिडम  फोरम कार्य व्यवस्था तथा कर्मचारी व्यवस्थापन नियमावली २०६३ लाई अद्यावधिक र परिपुरक गर्न फ्रिडम फोरमको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७४ जारी गरिएको हो ।)*

FREEDOM FORUM
"A Nepali CSO (civil society organization) dedicated to democracy, human rights and governance"

**थापाथली, काठमाण्डौं**
**फो नं: ४१०२०२२/४१०२०३०**
**फ्याक्स :-४२२६०९९**
**Email: info@freedomforum.org.np**

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७४

*(फ्रिडम  फोरम कार्य व्यवस्था तथा कर्मचारी व्यवस्थापन नियमावली २०६३ लाई अद्यावधिक र परिपूरक गर्न फ्रिडम फोरमको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७४ जारी गरिएको हो)*

**(क) पृष्ठभूमि :**

फ्रिडम फोरमको स्थापनाको उद्देश्य लोकतन्त्र, मानव अधिकार, विचार तथा अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक र सार्वजनिक जवाफदेहिताको अभ्यास प्रवर्द्धन गर्नुरहेको छ । उपरोक्त उद्देश्य प्राप्तिका सन्दर्भमा  लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण हाम्रो विशेषता हुँदाहुँदै पनि हालसम्म छुट्टै नीति निर्माण नगरी अन्य नीतिमा यो व्यवस्था राखी काम गर्दै आएको थियौं । यसै सन्दर्भमा समयको मागअनुसार विशिष्टकृत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको  अभाव महसुस गरी उल्लेखित उद्देश्य प्राप्तिका लागि फ्रिडम फोरमले लैगिक तथा सामाजिक समावेशीतामैत्री वातावरण निर्माण गर्नका लागि **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७४** जारी गरिएको छ  ।

**(ख) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति :**
संस्थाको संरचना, नीति, कार्यक्रम, गतिविधि, परियोजना तथा प्रतिफल लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका दृष्टिले निर्माण/मूल्यांकन गरिनेछ ।
फ्रिडम फोरमले गर्दै आएको कार्यक्रमलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका दृष्टिकोणले अनुकूल बनाई संस्थाले गरेको कार्यको समानुपातिक प्रतिफल वितरणमा जोड दिइनेछ ।

***लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति पूरा गर्नका लागि निम्न क्षेत्रहरूमा विशेष ध्यान दिइनेछ ।***

**(ग) साधारण सदस्यहरूमा सहभागिता**

१)	संस्थाको साधारण सदस्यमा सामाजिक वञ्चितीकरणमा परेका वर्गको समानुपातिक अनुपातमा प्रतिनिधित्व हुनेछ । सोका लागि वञ्चितीकरणमा परेका वर्गका व्यक्तिहरूका लागि विशेष रणनीति तथा नीतिहरू अवलम्वन गरिनेछ ।

**(घ) कार्यसमितिमा सहभागिता**

**१)** संस्थाको कार्यसमिति **लैङ्गिक समानता तथा सामाजिक  समावेशीकरणका** दृष्टिकोणले समानुपातिक हुनेछ ।

**(ङ) संस्थाको समितिहरूमा**

संस्थाको कार्यसमितिअन्तर्गत रहने कुनै पनि कार्यक्रम, परियोजना कार्यान्वयन गर्ने वा संस्था मातहतको अन्य कुनै समिति गठन गर्दा समानुपातिक प्रतिनिधित्वलाई ख्याल गरिनेछ ।

**(च) कर्मचारीहरूमा सहभागिता**

१) संस्थाको सबै तह, कार्यक्रम, परियोजना तथा कार्यालयमा रहने कर्मचारी- उच्चदेखि निम्न तहसम्म समानुपातिकरुपमा महिला तथा बहिस्करणमा परेका वर्गको सहभागिता सुनिश्चत गरिनेछ । महिलाहरुको संख्या ३३ प्रतिशत सुनिश्चित गरिनेछ ।

**(छ) कार्यक्रमको तहमा**

१) संस्थाको आन्तरिक वा बाह्य कुनै पनि श्रोतमा सञ्चालन भएका कार्यक्रमहरूमा वञ्चितीकरणमा परेका वर्ग तथा समुदायको सहभागितालाई ध्यान पुऱ्याइनेछ ।

**(ज) कार्य समयसम्बन्धी व्यवस्था**

१) संस्थाको कार्यालय सञ्चालन समयमा महिला तथा शारीरिक रुपमा फरक क्षमताहरूलाई विशेष अवस्थामा कार्यालय शुरु हुने समयमा १५ मिनेट ढिलो आउन र कार्यालय बिदा हुने समयमा १५ मिनेट छिटो जान सहुलियत उपलब्ध गराउन सकिनेछ ।

**(झ) क्षमता विकासमा अवसरसम्बन्धी व्यवस्था**

१) संस्थाको नियमित कार्यक्रममा वा बाह्य सरोकारवाला संस्था निकायहरूबाट प्राप्त हुने तालिम तथा अन्य क्षमता अभिवृद्धिका अवसरहरूको समावेशी वितरण गरिनेछ ।

**(ञ) विशेष अवस्थामा दिइने सुविधासम्बन्धी व्यवस्था**

१) कुनै महिला कर्मचारीलाई महिनावारीको ३ दिनसम्मको समयमा निजलाई फिल्ड जान बाध्य गरिने छैन ।

२) कुनै महिला कर्मचारीको १ वर्षसम्मको बच्चा भएमा निजलाई स्तनपान गराउन दैनिक १ घण्टा स्तनपानका लागि समय दिइनेछ । संस्थाको आर्थिक तथा भौतिक उपलब्धताका आधारमा संस्थाको बाल स्याहार कक्ष सञ्चालन गर्न सकिनेछ ।

३) संस्थाको नियमितरुपमा काममा संलग्न रहेका खास सांस्कृतिक/धार्मिक समूहका तथा महिला कर्मचारीहरूका लागि प्रत्येक वर्ष आउने सम्बन्धितका सरोकारका विशेष पर्वका लागि आवश्यकताअनुसार बिदा दिइने वा खास कार्यक्रम समेत राख्न सकिनेछ ।

४)	सूर्योदयभन्दा अगाडि र साँझ परेपछिसम्म काम गर्ने महिला कर्मचारीलाई यातायातको व्यवस्था गरिनेछ ।

**(ट) समिति गठन गर्ने**

१	संस्थामा यो नीतिको कार्यान्वयन भएर वा नभएर कसैलाई मर्का परेमा त्यस बारे सुनुवाई गर्नको लागि कार्यसमितिका १ जना महिलासहितको बढीमा ३ जनाको **लैगिक समानता तथा सामाजिक समावेशीकरण समिति** को गठन हुनेछ र सो समितिको सिफारिस मध्यनजर गर्दै कार्य समितिले अन्य विभिन्न निर्णय लिन सक्नेछ ।

**(ठ) अन्य व्यवस्था :**

१	संस्थामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अवस्थाको मूल्याङ्कन गर्न प्रत्येक तीन वर्षमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण (GESI Audit) गरिनेछ ।

---

कार्यसमितिको बैठक २०७४/०८/२४ बाट पारित भई २०७३/०७४ को साधारणसभा (२०७४/०९/२१) बाट अनुमोदन गरिएको ।